# दुलाहा खोला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. १०, अर्घाखाँची

अध्यक्ष

प.सं. ०८१।०८२ मिति : २०८२।०३।२२

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।०३।२२)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वनका ढलापडा रुखहरु तथा पुनरुत्पादन कटान क्षेत्रमा हटाउनु पर्ने रुखहरुका संकलित तपसिल वमोजिमका गोलिया काठ दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म कार्यालय समय भित्र वोलपत्र खरीद गरी १६ औं दिनको दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ३१५१ मिति २०८२।०१।२४ गतेको लिलाम सहमति बमोजिम दोश्रो पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को ढलापडा तथा पुनरुत्पादन कटान तर्फको काठ दाउरा | सादन | N | ३ | २८.३८ | 300 | ८५१३।९३ | | |
| | | साल | A | १९ | ३४९.३३ | १२५० | ४३६६५८ | ४१२३३३ | |
| | | | B | ४२ | ५०१.४५ | ९०० | ४५१३०१ | | |
| | | | C | ९८ | ५४४.४० | ६०० | ३२६६४० | | |
| | | | D | १५ | ३९.६६ | ३०० | ११८९८।७ | | |
| | | असना | A | २२ | ४३९.३९ | ४०० | १७५७५६ | | |
| | | | B | १३ | १३१.७३ | ३०० | ३९५२०।४ | | |
| | | | C | १७ | १११.०९ | १०० | १११०९।१ | | |
| | | जामुन | C | ८ | ४०.०१ | १०० | ४००१।४१ | | |
| | | चिलाउने | N | ४ | ३१.४० | २०० | ६२७९।४६ | | |
| | | साल दाउरा | | | २.७५ | १२००० | ३३००० | ७०००० | |
| | | अन्य दाउरा | | | १.२५ | ४००० | ५००० | | |
| जम्मा | | | | | | | १५०९६७८ | ४८२३३३ | |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८२/०४/०४ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/०४/०५ गते दिउसो ३.०० बजेसम्म

३. वोलपत्र फर्म डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु. २,०००।- (फिर्ता नहुने गरी) रकम तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी वोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा. वा. वैंक लि., सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००२७४०००१ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको वैंक जमानत समावेश गर्नुपर्ने छ ।

अध्यक्ष

CamScanner

# दुलाहा खोला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. १०, अर्घाखाँची

अध्यक्ष

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२।०४।०७ गते दिउसको ३:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी दुलाहा खोला सा.व.उ.स.को काठ दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

अध्यक्ष

इति सम्वत् २०८२ साल असार महिनाको २२ गते रोज ०१ मा शुभम् ............................।

CS CamScanner